# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## सानीभेरी गाउँपालिका

## रुकुम (पश्चिम भाग)





**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## सानीभेरी गाउँपालिका

### रुकुम (पश्चिम भाग)




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## सानीभेरी गाउँपालिका

### रुकुम (पश्चिम भाग)

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| **निष्ठा** | *(Integrity)* |
| **स्वतन्त्रता** | *(Independence)* |
| **व्यावसायिकता** | *(Professionalism)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय**
**कर्णाली प्रदेश**

पत्र संख्याः २०७८।७९
च.नं. ५१ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
सानीभेरी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
रुकुम (पश्चिम भाग) ।

**कैफियत सहितको राय**

हामीले सानीभेरी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.२ करोड ४८ लाख ७ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.३ लाख ६४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ९६ लाख ८७ हजार, नियमित गर्नुपर्ने रु.९६ हजार र पेश्की रु ४६ लाख ६० हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.६ करोड ५५ लाख ८७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.९ करोड १ लाख ९४ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण

प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(................................)

नायब महालेखापरीक्षक

सानीभेरी गाउँपालिका, रुकुम पश्चिम भाग

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| २६ | १४ | २४८०७ | ० | ० | ० | २६ | १४ | २४८०७ | ३६४ | ९६ | १९६८७ | ० | ० | १९७८३ | ४६६० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सानीभेरी गाउँपालिका रुकुम पश्चिम | ६५५८७ | ० | २०० | ६५३८७ | ० | २४८०७ | ९०१९४ |

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान: सानीभेरी गाउँपालिका, रुकुम , सानी भेरी गाउँपालिका , रुकुम पश्चिम भाग

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Dipak Budhathoki | २०७८-१२-१३ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २४,८०७,००४.६९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २,७३,४१,१३९.६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३५,९३,३६,९४९ | **चालु खर्च** | ३४,८८,०८,८८७.४६ |
| **प्रदेश सरकारबाट अनुदान** | ५,९१,२१,३०५.९६ | **पूँजीगत खर्च** | १४,९९,६५,४०७.४ |
| **राजश्व बाँडफाँट** | ७,३२,८७,५४६.०५ | **वित्तीय/अन्य व्यवस्था** | २४,००,००० |
| **आन्तरिक आय** | ९३,५१,६३९.५७ | | |
| **अन्य आय** | १२,०७,१४० | | |
| **कुल आय** | ५०,२३,०४,५८०.५८ | **कुल खर्च** | ५०,११,७४,२९४.८६ |
| **बाँकी मौज्दात** | | २,८४,७१,४२५.३२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउलिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सेवा प्रदान गर्नु गाउपालिकाको उद्देश्य रहेको छ । यस गाउपालिका अन्तर्गत ११ वडा, स ५९ सभा सदस्य, १३३.८ वर्ग किलोमिटर क्षेत्रफल तथा ११ हजार २६६ रहेको छ । | |
| २ | | | **वित्तीय विवरण** | |

आ.व. : २०७८/७९ अवधी : २०७८/०४/०१ - २०७९/०३/३२ वित्तिय विवरण

प्राप्ती भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५६६,०४६,०२४.६८ | ५२७,१७५,८५७.२६ | | ५२७,१७५,८५७.२६ | ४६४,५८६,५९०.७० | | ४६४,५८६,५९०.७० |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५६०,५११,५४० | ५०२,३०४,५८०.५८ | ० | ५०२,३०४,५८०.५८ | ४४३,५१२,५४६ | ० | ४४३,५१२,५४६ |
| ११००० कर | ११ | ८१,५७१,००० | ७८,११४,८१५.५८ | ० | ७८,११४,८१५.५८ | ६५,६८४,१६० | ० | ६५,६८४,१६० |
| १३००० अनुदान | | ४६६,९३५,००० | ४१५,९५३,९७१ | ० | ४१५,९५३,९७१ | ३६९,७९१,०८० | ० | ३६९,७९१,०८० |
| संघीय सरकार | १२ | ३८९,०१८,००० | ३६९,८५१,१२७ | ० | ३६९,८५१,१२७ | ३४७,६३९,०८० | ० | ३४७,६३९,०८० |
| प्रदेश सरकार | १२ | ७७,९१७,००० | ४६,१०२,८४४ | ० | ४६,१०२,८४४ | २२,१५२,००० | ० | २२,१५२,००० |
| १४००० अन्य राजस्व | | ११,००५,५४० | ८,२०४,८१६ | ० | ८,२०४,८१६ | ८,०३७,३०६ | ० | ८,०३७,३०६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १५००० विविध प्राप्ति | | १,०००,००० | ३०,९७८ | ० | ३०,९७८ | ० | ० | ० | |
| | | | ख. अन्य प्राप्ति | | ५,५३४,४८४.६८ | २४,८७१,२७६.६८ | | २४,८७१,२७६.६८ | २१,०७४,०४४.७० | | २१,०७४,०४४.७० | |
| | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | कोषहरु | | ५,५३४,४८४.६८ | ५,४१५,०१४.६८ | ० | ५,४१५,०१४.६८ | १०,९८६,०१०.७० | ० | १०,९८६,०१०.७० | |
| | | | धरौटी | | ० | १९,४५६,२६२ | ० | १९,४५६,२६२ | १०,०८८,०३४ | ० | १०,०८८,०३४ | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | भुक्तानी (ग+घ) | | ६०२,८८४,८८४.६८ | ५१८,३७५,६८४.४६ | | ५१८,३७५,६८४.४६ | ४२३,३४१,८८८.२० | | ४२३,३४१,८८८.२० | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५९७,३५०,४०० | ५०६,२६५,२९५.४६ | | ५०६,२६५,२९५.४६ | ४१५,१९२,२६७.२० | | ४१५,१९२,२६७.२० | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | १९७,५२१,३१३.९७ | १८९,८९२,६६३.४६ | ० | १८९,८९२,६६३.४६ | १५८,३७७,६४२.२० | ० | १५८,३७७,६४२.२० | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १३८,००२,०८६.११ | ११९,५५५,१९५ | ० | ११९,५५५,१९५ | ७६,०४६,५१० | ० | ७६,०४६,५१० | |
| | | | २६००० अनुदान | १८ | १४,२४३,००० | १३,४६२,६७५ | ० | १३,४६२,६७५ | ३४,४७८,८६१ | ० | ३४,४७८,८६१ | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | ३३,१९०,००० | २३,९१२,७३३ | ० | २३,९१२,७३३ | ३९,५७१,५६४ | ० | ३९,५७१,५६४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २८००० अन्य खर्च | १८ | २,०७४,९९९.९२ | १,९३२,७०० | ० | १,९३२,७०० | १,९२८,१४० | ० | १,९२८,१४० | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २०९,९१९,००० | १५५,१०९,३२९ | ० | १५५,१०९,३२९ | १०२,७०४,५५० | ० | १०२,७०४,५५० | |
| | | | ३२००० वित्तीय सम्पत्ति | १८ | २,४००,००० | २,४००,००० | ० | २,४००,००० | २,०८५,००० | ० | २,०८५,००० | |
| | | | घ. अन्य भूक्तानी | | ५,५३४,४८४.६८ | १२,११०,३८९ | | १२,११०,३८९ | ४२३,३४१,८८८.२० | | ४२३,३४१,८८८.२० | |
| | | | कोषहरु | | ५,५३४,४८४.६८ | ३,४५०,६७१ | ० | ३,४५०,६७१ | ७,३४५,६६१ | ० | ७,३४५,६६१ | |
| | | | धरौटी | | ० | ८,९१२,०६८ | ० | ८,९१२,०६८ | ८०३,९६० | ० | ८०३,९६० | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -२५२,३५० | | -२५२,३५० | | | | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | -३६,८३८,८६० | ८,८००,१७२.८० | | ८,८००,१७२.८० | ४१,२४४,७०२.५० | | ४१,२४४,७०२.५० | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ४२,०७५,६२३.६० | | ४२,०७५,६२३.६० | २७,५९७,२३१.३९ | | २७,५९७,२३१.३९ | |
| | | | वर्षान्तको बाकी रकम (ङ + च) | | -३६,८३८,८६० | ५०,८७५,७९६.४० | | ५०,८७५,७९६.४० | ६८,८४१,९३३.८९ | | ६८,८४१,९३३.८९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| बैंक तथा नगद बाकी | २४ | | ५५,९३९,१९१ | | ५५,९३९,१९१ | २७,७५९,५६१.१८ | | २७,७५९,५६१.१८ |

CGAS

| क सं | बजेट शिर्षक | बजेट | निकासा | खर्च |
|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण (३१४०१०१२३) | ७४२३५३१२ | ७३९८२४९४ | ७३९८२४९४ |
| २ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम (३७०००११६४) | ६७१६०००० | ६७१०६३६१ | ६७१०६३६१ |
| ३ | गरिवसंग विश्वेश्वर कार्यक्रम (३३६००१०२३) | ४६४००० | ४६४००० | ४६४००० |
| ४ | भूमी व्यवस्था कृषी तथा सहकारी मन्त्रालय (३१२०००११३) | ५४५००० | ० | ० |
| ५ | मुख्यमन्त्री रोजगार, उद्यमशिलता तथा आयआर्जन कार्यक्रम (पूर्वाधार विकास) | ३१०९७००० | २४१६१४४० | २४१६१४४० |
| ६ | मुख्यमन्त्री रोजगार, उद्यमशिलता तथा आयआर्जन कार्यक्रम (कर्मचारी प्रोत्साहन तथा पुरस्कार) | १०५००० | १०५००० | १०५००० |
| ७ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय (३१४०००११३) | ३००००० | ० | ० |
| जम्मा | | १७३९०६३१२ | १६५८१९२९५ | १६५८१९२९५ |

कार्यालय सञ्चालन

| क स | कोषको नाम | गत वर्षको बाँकी | यो वर्षको आय | खर्च | बाँकी |
|---|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | प्रकोप व्यवस्थापन कोष | २८८७५२२.६८ | ० | ९३८०२५ | १९४९४९७ |
| २ | कार्य संचालन कोष | ३३९०६० | ९७७४९२ | ११०७४९२ | २०९०६० |
| जम्मा | | ३२२६५८२.६८ | ९७७४९२ | २०४५५१७ | २१५८५५७ |
| | | | | | |

| राजस्व दाखिला | | | |
|---|---|---|---|
| क स | शिर्षक | असूली | दाखिला |
| १ | बेरुजू | ३०९७८ | ३०९७८ |
| जम्मा | | ३०९७८ | ३०९७८ |

वित्तीय विवरण—स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः

•पालिकाले पेश गरेको वित्तिय विवरणमा सिगास प्रणालीबाट निकासा भई खर्च भएको रु १६५८१९२९५ र विभिन्न कोषको गतको मौज्दात समेत कुल आय रु ४२०४०७४।६८. भई रु २०४५५१७ खर्च भई बाँकी रु २१५८५५७ समावेश छैन । साथै संघीय राजश्व तर्फको असुली तथा दाखिला रु ३०९७८ को कारोबार समावेश छैन।

•गाउपालिकाले पालिका र अन्तर्गतका सम्पुर्ण वडा समेतको सबै सम्पत्तिको मूल्याङन गरी लेखाङकन नगरेको कारण पालिकाको सम्पुर्ण सम्पत्तिको उल्लिखित वित्तिय विवरणमा समावेश देखिदैन ।

- पालिकाले पेश गरेको वित्तिय विवरणको अनुसूची २१ मा फिर्ता गर्नुपर्ने अनुदान अन्तर्गत ससमपुरक अनुदान चालु तर्फ प्रदेश स्रोत तर्फ रु २३६७३६१ ऋणात्मक देखाएकोले हिसाब मिलान हुनुपर्दछ ।

त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **लेखापरीक्षणको क्रममा असुली**<br><br>लेखापरीक्षणका क्रममा दाखिलाः लेखापरीक्षणको क्रममा मानविर ओली बाट रु ६१९० अर्जुन न्यौपाने बाट रु २३०० निर्माण व्यवसायी आशिष रेलिमार जे भि लाई बढी मोबिलाइजेशन भुक्तानी वापत असुली भएको रु २९२७२६, दोहोरो भुक्तानी वापत रु २५५०० असुली र सामाजिक सुरक्षा फिर्ता दाखिला रु ६१९८९८ र ढुंगा, गिट्टी, बालुवा ठेक्कामा मू.अ.कर वापत रु १३०००० गरी जम्मा रु १ संघीय १०७६६१४ संचित कोष दाखिला भएको प्रमाण पेश भएको छ । | |
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म २५ ऐन, १० नियमावली, ४५ कार्यविधि ९ निर्देशिका र १ नर्म्स समेत ९० कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • संस्था दर्ता ऐन, २०३४ दफा ३ २०६४ संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा स्वास्थ्य तर्फका कर्मचारीका रु २३२१६५४७।४० खर्च लेखेको पाईयो ।<br>• पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• कार्यालयमा तिन वटा मोटरसाइकल समेत विभिन्न ४ आइटमका पन्ध्र थान जिन्सी सामान लिलाम गर्नुपर्ने विभिन्न १० आइटमका जिन्सी सामाग्री मर्मत गर्नुपर्ने भनि जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएकोमा सो बमोजिम लिलाम तथा मर्मत गरी जिन्सी व्यवस्थापन हुनुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>बजेट पेश पारित र अख्तियारी<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष।उप प्रमुख श्री इन्दिरा ओली ले २०७८।३।८. गते रु. ४८ करोड ५० लाख ८६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।२५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>योजना र कार्यान्वयन<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्रास योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्ः<br><br>
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>योजनासंख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>रु१लाखभन्दाकमकोयोजना</td><td>१०</td><td>५४५०००</td></tr>
<tr><td>२</td><td>रुएकलाखएकदेखिपाँचलाखसम्मकायोजना</td><td>१३६</td><td>२८३५०८००</td></tr>
<tr><td>३</td><td>रु५लाखदेखि१०लाखसम्मकायोजना</td><td>१३</td><td>८०५८३१७</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>दशलाखएकदेखि५०लाखसम्मकायोजना</td><td>२७</td><td>५१५५००००</td></tr>
<tr><td>५</td><td>५०लाखभन्दामाथीका</td><td>२</td><td>१००००००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१८८</td><td>९८५०४११७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>
खर्च विश्लेषण<br><br>
गाउँपालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु -९३ लाख ५२ हजार संघीय तथा प्रदेशको राजस्व बाँडफाँड र अनुदानबाट रु -५२ करोड ९७ लाख ८९ हजार समेत रु ५३ करोड ९१ लाख ४१ हजार आम्दानी भएकोमा चालु तर्फ रु ३४ करोड ८७ लाख ५६ हजार र पूँजिगत तर्फ रु -१५ करोड ५१ लाख ९ हजार र बित्तिय ब्यबस्था तर्फ रु २४ लाख समेत रु ५० करोड ६२ लाख ६५ हजार -खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.८ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु ६६ लाख ९५ हजार खर्च भएको छ जुन आन्तरिक आयको ७१.५९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६८.८९ प्रतिशत चालु र ३०.६४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>
चौमासिक खर्च<br><br>
आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।<br><br>
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">पूँजीगतखर्चशीर्षक</th><th rowspan="2">कुलखर्च</th><th colspan="3">चौमासिकखर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढमहिनाकोमात्रखर्च</th></tr>
<tr><th>प्रथमचौमासिक</th><th>दोस्रोचौमासिक</th><th>तेसोचौमासिक</th></tr>
<tr><td>१</td><td>चालु खर्च</td><td>३४८७५५</td><td>७७८७६</td><td>८४०९९</td><td>१८६७८०</td><td>१३८०१०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>पूंजीगत खर्च</td><td>१५५१०८</td><td>३३३८</td><td>२००४३</td><td>१३१७२७</td><td>१०५२६६</td></tr>
<tr><td>३</td><td>वित्तीय खर्च</td><td>२४०००</td><td>२४०००</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td>कूलखर्च:</td><td>५२७८६३</td><td>१०५२१४</td><td>१०४१४२</td><td>३१८५०७</td><td>२४३२७६</td></tr>
<tr><td></td><td>खर्चप्रतिशत</td><td>१००</td><td>१९.९३</td><td>१९.७४</td><td>६०.३३</td><td>४६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्च<br><br>
स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।<br><br>
<table>
<tr><th>मुख्यक्षेत्र</th><th>वार्षिकवजेट</th><th>खर्चरकम</th><th>कुलखर्चमध्येप्रतिशत</th></tr>
<tr><td>आर्थिकविकास</td><td>३३७०५०००</td><td>३०५२३८१२</td><td>९०।५६</td></tr>
<tr><td>सामाजिकक्षेत्र</td><td>३६३५२३३१४</td><td>३१५४३६७५५.४०</td><td>८६।७७</td></tr>
<tr><td>पूर्वाधारविकासक्षेत्र</td><td>११३५९००००</td><td>८६७८७३२०</td><td>७६।७१</td></tr>
<tr><td>वातावरणतथाविपद्व्यवस्थापन</td><td>३६४९०००</td><td>१००५२८०</td><td>२७।५५</td></tr>
<tr><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>५३२००००</td><td>५२७०८९१</td><td>७९।७१</td></tr>
<tr><td>वित्तीयव्यवस्थापनरसुशासन</td><td>२५०००</td><td>२४७४०</td><td>९८।९६</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>कार्यसञ्चालनतथाप्रशासनिकखर्च</td><td>६९४९२०८६</td><td>६३१८३११२</td><td>९०।९२</td></tr>
<tr><td>जम्मा</td><td>५८९३०४४००</td><td>५०२२३१९१०</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>करार कर्मचारी<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ८९ जना कर्मचारीहरु करारमा राखी निम्नानुसार रु. २४३७३५११ खर्च लेखेको छ । गा. पा इन्जिनियर समेत, ब इन्जिनियर, अ. ;सव इन्जिनियर र कार्यालय सहायक समेत ९ जना दरबन्दी भित्रका कर्मचारी करारमा राखी रु ३६६६९१० सुचना प्रविधि अधिकृत, बालअधिकार अधिकृत, गापा र वडाका कार्यालय सहयोगी समेत ११ जना र गाउँपालिका प्रहरी जवान ५, कृषि, पशु, MIS अपरेटर र सहायक समेत अन्य शर्सत कार्यक्रम बाट राखेका ६८ जना गरी कुल ९३ जना कर्मचारी करारमा राखेको पाइयो । पालिकाको स्वीकृत दरबन्दी भित्रका पदपूर्ति हुन बाँकी दरबन्दीका कर्मचारी लोकसेवा आयोग मार्फत पदपूर्ति हुनुपर्दछ भने अन्य कार्यक्रम करार बाहेकका दरबन्दी वेगरका कर्मचारी संगठन तथा व्यवस्थापन सर्भे गरेर सोही बमोजिम कर्मचारी व्यवस्थापन हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>कार्यसम्पन्न प्रतिवेदन<br><br>स्थानीय र प्रदेश तहमा शर्सत अनुदानको कार्यक्रम पुस्तिका अनुसार कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले शर्सत अनुदान अन्तर्गत निम्ना विद्यालयलाई निकास भएको रु १४९४०००० सम्बन्धमा भवन निर्माण सम्पन्न भएको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु<br><br><table>
<tr><td>सिनं</td><td>विद्यालयकोनाम</td><td>प्रयोजन</td><td>निकासारकम</td></tr>
<tr><td>१</td><td>वालहितआवि सानोभेरी५</td><td>विद्यालयभवननिर्माण</td><td>१८०००००</td></tr>
<tr><td>२</td><td>वालकल्याणआवि गोलडाँडासानोभेरी३</td><td>विद्यालयभवननिर्माण</td><td>२५२००००</td></tr>
<tr><td>३</td><td>जनचाहनाआविसानोभेरी७</td><td>विद्यालयभवननिर्माण</td><td>१८०००००</td></tr>
</table></td><td>१४,९४०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>जनकल्याणआविसानोभेरी१</td><td>विद्यालयभवननिर्माण</td><td>२५२००००</td></tr>
<tr><td>५</td><td>जनप्रियआविसानोभेरी१</td><td>विद्यालयभवननिर्माण</td><td>१२६००००</td></tr>
<tr><td>६</td><td>कालिकाआविसानोभेरी</td><td>विद्यालयभवननिर्माण</td><td>२५२००००</td></tr>
<tr><td>७</td><td>लक्ष्मिआविकोरगाउँ</td><td>विद्यालयभवननिर्माण</td><td>२५२००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१४९४००००</td></tr>
</table>
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>११.१</td><td>सानोभेरी गाउँपालिका</td><td>१,४९,४०,०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>शिक्षक दरबन्दी, पदपूर्ति<br><br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४५ सामुदायिक विद्यालयहरुमा दरबन्दी वेगर करारका शिक्षक राखी रु ३०५७२७६४ खर्च लेखेको छ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>सवारी साधन खरिद<br><br>अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ४ थान दुई पांग्रे सवारि साधन खरिदमा रु.१०९७३९९ खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>मेशिन भाडा<br><br>पालिकामा स्काभेटर लगायतका हेभि मेशिन रहेको र उक्त मेशिन भाडाबाट भएको आम्दानी मेशिन प्रयोगको लगसिट समेत देखिनेगरी कार्यालयबाट वाहीर निस्केदेखी गेट प्रवेश सम्मको समयावधि खुल्ने Time sheet संलग्गन गर्ने गरेको छैन । यसरी हेभि मेशिन संचालन सम्बन्धमा आन्तरिक नियन्त्रण कमजोर हुदा पालिकालाई तिर्नु बुझाउनु पर्ने रकम सम्बन्धितले बुझाए नबुझाएको यकिन हुन सक्ने अवस्था छैन । जसले गर्दा नगरपालिकाको आयमा असर पर्ने हुँदा पालिकाको मेशिन संचालनको कार्यविधि बनाई अभिलेख व्यवस्थित गरी आन्तरिक नियन्त्रण प्रभावकारी बनाउनु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **आर्थिक सहायता**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले विपन्न नागरिक उपचार सहायता प्रयोजनको लागि यो वर्ष . व्यक्ति एवं संघ संस्थालाई रु.५०९००० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १६ | | | **पेश्की बाँकी**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ अनुसार आर्थिक वर्ष अन्तमा फर्छ्यौट हुन बाँकी निम्नानुसारको पेश्की फछ्यौंट हुनुपर्ने देखिन्छ । | ४,६६०,००० |

| सि नं | पेश्की बाँकि हुनेको नाम | प्रयोजन | म्याद ननाघेको पेश्की बाँकी रु | म्याद नाघेको पेश्की रु |
|---|---|---|---|---|
| १ | आशिष रेलिगर जे भि | मोबिलाइजेशन पेश्की | ८५०७२७४ | ० |
| २ | कालिका आधारभुत विद्यालय | कक्षा कोठा निर्माण | ० | १०८०००० |
| ३ | जनकल्याण माध्यामिक विद्यालय | कक्षा कोठा निर्माण | ० | १०८०००० |
| ४ | जनप्रिय आधारभुत विद्यालय | कक्षा कोठा निर्माण | ० | ५४०००० |
| ५ | बालकल्याण आधारभुत विद्यालय | कक्षा कोठा निर्माण | ० | १०८०००० |
| ६ | लक्ष्मि आधारभुत विद्यालय कोटगाउ | कक्षा कोठा निर्माण | ० | १०८०००० |
| | | | ८५०७२७४ | ४६६०००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>उल्लेखित मध्ये म्याद ननाघेको पेश्की रु ८५०७२७४ सम्झौताको शर्त बमोजिम फछ्र्यौट हुनुपर्ने देखिन्छ भने विभिन्न ५ विद्यालयको भवन निर्माणको म्याद नाघेको पेश्की फर्छ्यौट हुनुपर्ने रु
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>१६.१</td><td>सानोभेरी गाउँपालिका</td><td>४६,६०,०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>करार शिक्षक<br><br>गाउँपालिकाले यो वर्ष १२४ जना शिक्षक करारमा राखी पालिकाले रु ३०५७२७२४ खर्च ब्यहोरेको छ । लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार शिक्षक विद्यार्थी अनुपातको ध्यान दिएको देखिदैन भने थोरै विद्यार्थी भएको र मर्ज गर्न सम्भव भएका विद्यालयहरु मर्ज गरी दरबन्दी मिलान गरेको समेत देखिदैन ।शिक्षक अनुपातको आधारमा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम दरबन्दी यकिन गरी विद्यालय मर्ज तथा दरबन्दी मिलान गरी आवश्कयताको आधारमा मात्र करारमा नियुक्ती गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>न्यायिक समिति<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १६ र यो बर्ष थप भएको १८ गरी कुल ३४ विवाद दर्ता भएकोमा १८ वटा मात्र फछ्र्यौट भई १६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>प्रदेश संचितकोष दाखिला<br><br>अन्तरसरकारी वित्तीय हस्तान्तरण ऐन, २०७४ तथा कर्णाली प्रदेश आर्थिक ऐन अनुसार नदिजन्य पर्दाथमा प्रदेश र पालिकाबीच ४० र ६० प्रतिशत बाँडफाँड हुनुपर्ने व्यवस्था छ । पालिकाले यो आ व को मू.अ कर सहित संकलित नदिजन्य समेत विभाज्य कोषको राजश्व आय रु २०११९०० भएको पाइयो । उक्त आयमा मू.अ कर वापत हुने रु २३१४५८ कट्टी गरी मू.अ कर बाहेक हुने रु १७८०४४२ को ४०प्रतिशतले हुने रु ७१२१७७ प्रदेश संचित कोषमा पठाएको पाईएन । प्रदेश संचित कोषमा पठाउनुपर्ने उक्त रकम दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>१९.१</td><td>सानोभेरी गाउँपालिका</td><td>७,१२,१७७</td></tr>
</table></td><td>७१२,१७७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **पदाधिकारी सुविधा**<br><br>स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफ्m निर्वाचित भई अनुसूची—२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जसअनुसार बागमती प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७ बैशाख ३ मा राजपत्रमा प्रकाशन गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १ मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । जसबाट स्थानीय तहका पदाधिकारीहरुले मासिक पारिश्रमिक वापतको सूविधा पाउने देखिदैन । तर पालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा निम्नानुसार रु ६६९५२५६. खर्च लेखेको देखिन्छ । | |
| २१ | | | **शेयर लगानी**<br><br>कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा लि.न. १९६३१५ मा दर्ता भएको स्यार्पु पावर कम्पनि लिमिटेडमा संस्थापक शेयरधनिको रुपमा देहाय अनुसारका ६ स्थानीय तह र जिल्ला समन्वय समिति समेतको २ लाख ७५ हजार शेयरको प्रति शेयर रु.१०० दरले रु. २,७५,००,०००.०० को संस्थापक लगानि निर्धारण गरेको मध्ये २०७६।६।१० सम्म रु. १,४१,७२,४८५.०० शेयर लगानी वापत पावर कम्पनि लिमिटेडको नाममा रकम पठाइसकेको देखिन्छ । लिमिटेड कम्पनिमा लगानी गर्ने र प्रतिफल सम्वन्धमा संस्थापक शेयरधनीको रुपमा रहेका स्थानीय तहले साझा अवधारणा तयार गरेको देखिएन । नाफामुलक लिमिटेड कम्पनिमा लगानी गर्ने सम्वन्धमा सेवा प्रदायक तहले समिक्षा गर्नुपर्ने देखिन्छ । शेयर लगानीको रुपमा खर्च लेखाङ्कन गरेको रकम कतिपय स्थानीय तहले आयव्यय विवरणमा शेयर लगानीको रुपमा देखाएका छैनन् । यसबाट वित्तिय विवरणमा लगानी लेखाङ्कन नभएको अवस्था छ । वित्तिय विवरणमा लगानी प्रतिविम्वित गर्नेगरी सुधार गर्नुका साथै शेयर प्रमाण पत्र प्राप्त गर्ने र उक्त कम्पनी संचालनको साझा अवधारणा तय गरी प्रतिफलयुक्त तवरले उत्पादन संचालनमा समेत अग्रसर हुनुपर्दछ । | |

| क. स. | स्थानीय तह | शेयर कित्ता | भुक्तानी भएको (रु) | भुक्तानी बाँकी (रु) |
|---|---|---|---|---|
| 1. | आठबिसकोट | ६०००० | १००००००.०० | ५००००००.०० |
| 2. | मुसिकोट | ३०००० | ३००००००.०० | ० |
| 3. | चौरजहारी | ३०००० | १००००००.०० | २००००००.०० |
| 4. | बाफिकोट | ३०००० | १००००००.०० | २००००००.०० |
| 5. | सानीभेरी | ३०००० | १००००००.०० | २००००००.०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>6.</td><td>त्रिवेणी</td><td>३००००</td><td>१००००००.००</td><td>२००००००.००</td></tr>
<tr><td>7.</td><td>जिल्ला समन्वय समिति</td><td>६५०००</td><td>६१७२४५८.००</td><td>३२७५४२.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२७५०००</td><td>१४१७२४५८.००</td><td>१३३२७५४२.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>वितरणमुखी कार्य<br><br>गाउपालिकाले सानोभेरी गाउँपालिका एक घर एक शेयर लगानी साझेदारी अनुदान कार्यविधि २०७७ अनुसार प्रति परिवार बढीमा १० कित्ता शेयर किनिदिने प्रयोजनको लागी कार्यविधि स्वीकृति गरी यो वर्ष २०७५ मा स्थापना भएको सानो भेरी बचत तथा ऋण सहकारी संस्थाको १२३० शेयर सदस्यको लागी शेयर दायित्व उल्लेख भएको रु २४५७५०० मध्ये यो वर्ष २४ लाख उक्त सहकारीको नाउँमा निकासा गरेको पाइयो । शेयर लगानी भएको संस्थाको लगानी फिर्ता दिन सक्ने क्षमताको विश्लेषन वेगर सहकारीको सदस्यताको लागी अनुदान दिंदा उच्च प्रतिफल योग्य देखिदैन । गाउँपालिकाले अनुदान दिंदा लगानी गरिने संस्थाको प्रतिफल योग्यताको सुनिश्चतता हुनुपर्दछ । साथै अनुदान रकमको अनुगमन भएको नदेखिएकोले पालिकाले अनुगमन गरी शेयर सदस्यको अभिलेख व्यवस्थीत गरी राख्नुपर्ने तथा शहकारीको उद्देश्य अनुरुप संचालनका लागी पालिकाले अग्रसरता लिनुपर्दछ । गाउँपालिका अनुदानबाट शहकारी शेयर प्रदान गरेका शेयरधनिहरुको नाम र शेयर मूल्य खुलेको शहकारी र पालिका तर्फबाट प्रमाणित विवरण पेश हुनुपर्ने रु</td><td>२,४००,०००</td></tr>
<tr><td>२३</td><td></td><td></td><td>कोभिड खोपको स्थिति<br><br>यस पालिकामा कोभिड खोप लगाउन योग्य १२ वर्ष माथिका जनसंख्या १८६७७ रहेकोमा पहिलो डोज खोप ६६ प्रतिशत दोस्रो डोज खोप ६१ प्रतिशत र तेस्रो (वुस्टर डोज) खोप ३५ प्रतिशतले लगाएको पाइयो । खोप लगाउन योग्य सवै जनसंख्यालाई खोप व्यवस्थापन हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक संरक्षण<br><br>स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छः पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक जग्गा सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको जग्गा सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु अद्यावधिक अभिलेख राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>कर तथा शुल्क असुली</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ५५,५७,५८ र ५९ मा एकीकृत सम्पति कर र घर जग्गा कर जग्गा वहालकर व्यवसाय कर र वहाल विटौरी शुल्क स्थानिय तहले उठाउने व्यवस्था छ । ती आय शिर्षकमा आय अनुमान र असुली स्थित निम्नानुसार रहेको छ । | |

| आय शिर्षक | अनुमान | असुली | प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पति कर | २०००००० | ५३६४०६ | २६.८२ |
| भुमिकर/मालपोत | १९००००० | १३८६२५९।९ | ३६.८६ |
| घरबहाल कर | १०००००० | ३६८३१९।६७ | १७.२४ |
| सवारीसाधन कर | २०००० | ३२००० | १६० |
| अन्य सेवा शुल्क तथा विक्री | ६९६३४०० | २८६१९१५ | ४३.०९ |
| न्यायिक दस्तुर | २०००० | ० | ० |
| परिक्षा शुल्क | ३०००० | ३४२०० | ११४ |
| अन्य प्रशासनिक सेवा शुल्क | ५००००० | ३००५७१९ | ६०१.१४ |
| सिफारिस दस्तुर | १४००००० | ७३०३४२ | ५२.१९ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ६००००० | २५९१०० | ४३,१८ |
| नाता प्रमाणित दस्तुर | ५०००० | ८५१०० | १७०.०२ |
| व्यावसाय रजिष्ट्रेसन दस्तुर | ३०००० | ४७०० | १५.६६ |
| रेडियो एफ एम संचालन दस्तुर | ५००० | ० | ० |
| व्यवसाय कर | २००००० | १५९०० | ७.९५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बेरुजु \| १०००००० \| ३०९७८ \| ३.०९<br>उल्लेखित अवस्थालाई हेर्दा ३ वटा शिर्षकमा बाहेक पालिकाले अनुमानको ० देखी ५२ प्रतिशत मात्र आन्तरिक आय आर्जन गर्न सकेको देखिएकोले पालिकाको राजश्व प्रक्षेपन यर्थाथ परक देखिदैन । उपयुक्त योजना बनाई आन्तरिक आय वृद्धि गर्नुपर्ने देखिन्छ । | |
| २६ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br><br>यस कार्यक्रम अन्तर्गत कामका लागी पारिश्रमिकमा आधारित सामुदायिक आयोजना कार्यविधि २०७७ को दफा ६ को उपदफा १ मा प्रधान्मन्त्री रोजगार कार्यक्रमबाट विनियोजन भएको रकम कार्यलयले श्रमिकको ज्यालामा मात्र खर्च गर्नुपर्ने सामाग्री खरिद गर्न नपाउने व्यवस्था उल्लेख छ। तर गो भौ २६६।२०७९।३।२३ मा प्रधानमन्त्री रोजगार कार्यक्रमको कामको लागी ग्याङखोला टाकुरा पाइप सिंचाइ तथा ट्याङ्कि निर्माण रोजगार उपसमितिलाइ संलग्न विवरण अनुसार रु ९६,०००। को विभिन्न सामाग्री मामा भान्जा हार्डवेयर एण्ड सप्लायर्सबाट खरिद गरेको विल संलग्न गरी सामाग्री खरिद वापत भुक्तानी गरको पाइयो । यसरी फरक शिर्षकमा खर्च गर्न नमिल्ने हुदा उक्त रकम नियमित हुनुपर्ने रु | ९६,००० |
| २७ | | | **१५ सैयाको आधारभुत अस्पताल**<br><br>२०८०।३।३० सम्म कार्यसम्पन्न हुने गरी रु १६७९०२११० को सम्झौता मूल्यमा निर्माण व्यवसायी शिवशक्ति थोदुङ -वुद्ध हिमाल जे भी सँग २०७८।३।३० मा सम्झौता भएको यो भवनको तेश्रो विल सम्म रु ७५२२७१४४ खर्च भएको पाइयो । नापी गर्दा प्रत्येक विलमा अद्यावधिक विस्तृत नापी देखिनेगरी प्राविधिक मूल्याङकन गर्ने गरेको पाइएन । लेखापरीक्षणको क्रममा स्थलगत अवलोकन गर्दा वोलपत्र सम्बन्धि कागजातमा उल्लेखित उपकरणहरु स्काभेटर, मिक्चरहरु पर्याप्त मात्रामा थिएनन। यसै गरी पहिलो तथा दोस्रो तलाको पश्चिम पट्टि को ढलानहरुमा हनिकम्सहरु प्रयाप्त मात्रामा रहेको तथा विम तथा ढलानका छडहरु देखिएकोले निर्माण कार्यको गुणस्तरमा सुनिश्चतता हुन सक्ने अवस्था छैन । अस्पताल जस्तो संवेदनशील सार्वजनिक सरोकारको संरचना निर्माणमा तोकिएको मापदण्ड र गुणस्तर कायम हुने गरी कार्य हुनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td> </td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>भेरिएशन<br><br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ तथा नियमावली २०६४ को ११८ बमोजिम भेरियशन आदेश स्वीकृत गरेर मात्र BOQ को भन्दा बढी परिमाण निर्माण कार्यको भुक्तानी हुनुपर्ने उल्लेख छ भने सार्वजनिक खरिद अनुगमन कार्यालयबाट स्वीकृत स्टयान्डर विड डकुमेन्टको दफा ३६.१ मा कुनै आइटमको सुरु परिमाणको २५ प्रतिशत भन्दा बढी काम भएमा प्रोजेक्ट म्यानेजरले दर संसोधन गर्नसक्ने उल्लेख छ भने ३७.६ मा ३६.१ बमोजिम कुनै आइटममा २५ प्रतिशत फरक परेमा आइटम भेरिएशनको आदेश स्वीकृत हुनुपर्नेमा १५ सैयाको आधारभुत अस्पताल भवनको निर्माण व्यवसायी शिवशक्ति थोदुङ -वुद्ध हिमाल जे भी तेस्रो विलसम्म BOQ मा उल्लेखित भन्दा निम्नानुसार आइटममा २५ प्रतिशत भन्दा बढी आइटम भेरिएशन भएको देखिएकोले बढी परिमाणमा काम भएको भेरिएशन आदेश स्वीकृत वेगर भुक्तानी गरेको ५ आइटमको रु १३१६१०० को सम्बन्धमा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत भेरिएशन आदेश पेश हुनुपर्ने रु<br><br>
<table>
<tr><td>आइटम नं</td><td>BOQ आइटम</td><td>BOQ परिमाण</td><td>यो वर्ष सम्म भुक्तानी परिमाण</td><td>दर</td><td>BOQ भन्दा बढी परिमाण</td><td>भेरिएशन हुनुपर्ने रु</td><td></td></tr>
</table>
</td><td>१,३१६,१००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>Site सफागर्नेकाम</td><td>८१३वर्गकि</td><td>१५७५</td><td>५०</td><td>७६२</td><td>३८१००</td></tr>
<tr><td>२</td><td>जगखन्नेकाम</td><td>१५२७घमि</td><td>४०२३</td><td>१००</td><td>२४९६</td><td>२४९६००</td></tr>
<tr><td>३</td><td>ढुँगाsoiling</td><td>१२८घमि</td><td>२१०</td><td>३०००</td><td>८२</td><td>२४६०००</td></tr>
<tr><td>५</td><td>PCC कार्य</td><td>१३६घमि</td><td>१९१</td><td>१३०००</td><td>५५</td><td>७१५०००</td></tr>
<tr><td>७</td><td>Back filling</td><td>१२७२घमि</td><td>१६०९</td><td>२००</td><td>३३७</td><td>६७४००</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>१३१६१००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>गुणस्तर आश्वतता<br><br>निर्माण व्यवसायी तथा कार्यालयविच भएको सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन बमोजिमको कामको गुणस्तर कायमको आश्वतताको लागि गुणस्तर आश्वतता योजना (QAP) पेश गरी सोही बमोजिमको फ्रिक्वोन्सी र इन्टरभलमा गुणस्तर परीक्षण गरेको प्रमाण संलग्न हुनुपर्नेमा संलग्न गरेको छैन । उक्त स्पेशिफिकेशन बमोजिम गुणस्तर कायम भएको प्रमाण संलग्न नगरेकोले तोकिएको गुणस्तर बमोजिम कामको आश्वतता हुन सक्ने अवस्था छैन । नेपाल सरकाले तोकिएको अस्पताल सम्बन्धी मापदण्ड बमोजिमको सुरक्षित अस्पताल भवनको सुनिश्चतताको लागि प्राविधिक स्पेशिफिकेसन बमोजिम गुणस्तर आश्वतता योजना र सोही बमोजिमको गुणस्तर परिक्षण अनिवार्य हुनुपर्ने देखिन्छ</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>परामर्श सेवा<br><br>सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु. ४९७९०५० खर्च लेखेका छन् । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिपर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>कार्यतालिका अद्यावधिक<br><br>गाँउपालिका प्रशासकिय भवन निर्माण गर्न रु ८६८५८६४३ को लागत अनुमान स्वीकृत भई निर्माण व्यवसायी आशिष-रेलिमार जे भि सँग २०८१।३।३० सम्म कार्यसम्पन्न हुने गरी रु ८५०७२७४१।३८ को सम्झौता मूल्यमा २०७९।२।२४ मा सम्झौता भएको छ । सम्झौताको</td><td>१००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | शर्त नं ३४. १ मा कार्यतालिका अद्यावधिक गर्नुपर्ने उल्लेख छ । निर्माण व्यवसायी आशिष -रेलिमार जेभी ले गाउँपालिकाको प्रशासकिय भवन निर्माण सम्झौताको शर्त बमोजिम कार्यतालिका अद्यावधिक गरेको नदेखिएकोले सम्झौताको शर्तानुसार भुक्तानी रोक्का हुनुपर्ने रु | |
| ३२ | | | **मू.अ.कर दाखिला**<br><br>गाउपालिकाले प्राकृतिक श्रोत विक्री गरी प्राप्त गर्ने आयमा मू अ कर ऐन २०५२ को दफा १५(३) बमोजिम मू.अ.कर थप गरी असुल गर्ने र उक्त मू.अ.कर रकम संघीय संचित कोषमा दाखिला गर्नुपर्नेमा यो वर्ष २ वटा ठेक्कामा मू.अ.कर समेतको सम्झौता गरी रु २०११९०० आय गरेकोमा सम्पूर्ण आय रकम विभाज्य कोषमा जम्मा गरेता पनी लेखापरीक्षणको क्रममा ठेकेदारको तर्फबाट रु १३०००० मू.अ.कर दाखिला भएतापनि मू.अ कर बापत गाउपालिकाको आन्तरिक आयमा जम्मा भएको रु १०१४५८ गाउपालिकाको तर्फबाट मू. अ कर दाखिला हुनुपर्ने रु | १०१,४५८ |
| ३३ | | | **मू.अ.कर असुली**<br><br>पालिकाले ठेक्का लागेको अवस्थामा वाहेक अमानतबाट प्राकृतिक श्रोत विक्री(ढुंगा, गट्टी, वालुवा) को आय २०५२ दफा १५ (३) अनुसार मू.अ.कर असुली नगरेको कारण यो वर्ष अमानतबाट प्राप्त आयबाट मू.अ.कर असुल हुनसकेको छैन । कानुन बमोजिम मू.अ.कर असुल गरी संघीय संचित कोषमा दाखिला हुनुपर्दछ। | |
| ३४ | | | **ठेकेदारबाट मू.अ कर दाखिला**<br><br>पालिकाले प्राकृतिक श्रोत विक्री गरी प्राप्त गर्ने आयमा मू अ कर ऐन २०५२ को दफा १५(३) बमोजिम मू.अ.कर थप गरी असुल गर्ने र उक्त मू.अ.कर रकम संघीय संचित कोषमा दाखिला गर्नुपर्नेमा कार्यालय र यात्रु निर्माण सेवा प्रा लि विच ठे नं ६।SRM।०७८।७९ अन्तर्गत भैसीलोटे देखी वेलटापु खण्ड मा प्राकृतिक श्रोत (ढुंगा, गिट्टी, बालुवा ) विक्री वापत ठेकेदारबाट मू.अ.कर समेत रु ११३०००० कबोल गरेकोमा रु १०००००० मात्र दाखिला गरेको तथा निजले पेश गरेको बैंक जमानतको म्याद समेत समाप्त भैसकेको पाइयो । उक्त ठेक्कामा असुल बाँकी आय रु १३०००० लेखापरीक्षणको क्रममा ठेकेदार यात्रु निर्माण सेवा को पान बाट दाखिला गरेको पाइयो । नगरपालिकाको नाउबाट दाखिला नगरी ठेकेदारको नाम बाट दाखिला गर्दा मू.अ.कर समायोजनमा ठेकेदारको डेबिट ब्यालेन्स रु १३०००० ले घट्ने हुदा नगरपालिकाको नाम बाट दाखिला भएको विवरण समायोजन गरी सम्बन्धित आन्तरिक कार्यालयबाट हिसाब मिलानको प्रमाण पेश हुनुपर्ने रु | १३०,००० |
| ३५ | | | **अग्रिम आयकर**<br><br>आयकर ऐन २०५८ को दफा ८८ बमोजिम भुक्तानी गर्दा अग्रिम कर कट्टी गरी भुक्तानी हुनुपर्ने व्यवस्था छ । पालिकाले २०७९।३।२६ बाट सर्पाचौर चाख्लिमेला कृषि सडक निर्माण योजनाको रकम सविन कन्स्ट्रक्सन लाई रु ३५६८६४६ भुक्तानी दिदा ३० प्रतिशत मूल्यअभिवृद्धीकर कट्टी वापत रु १३९१७८ र अग्रीम आय कर वापत रु ५३५२९.६९ कट्टी नगरेकोले सम्बन्धित बाट असुल हुनुपर्ने रु | १९२,७०७.६९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **डिपीआर खर्च**<br><br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्श दाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।<br><br>[तालिका तल]<br><br>यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |
| ३७ | | | **खरिद कारबाहीको अभिलेख**<br><br>सार्वजनिक खरिद ऐन,२०६३ को दफा ७२ मा सार्वजनिक निकायले खरिद कारवाही सम्बन्धि कारवाहीको अभिलेख तोकिए बमोजिम सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४९ मा तोकिएको अवधि सम्मको लागि सुरक्षित तरिकाले राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाका अधिकांश खरिद कारवाहीको अभिलेख अव्यवस्थित र असुरक्षित तवरले राखेको पाइयो जस्का कारण परीक्षणका क्रममा आवश्यक कागजात र | |

| कार्य विवरण | परामर्श दाता | स्वीकृत रकम | खर्च रकम | अध्ययन बाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| नेरा मावि ६ कोठे भवन | **डि.सि.इन्जिनियरिङ** | १२९८०००० | १२९८००० | ८९८९७४१० |
| गा.पा प्रशासकीइ भवन | **वि.आर.एस इन्जिनियरिङ** | १८९०००० | १८९०००० | **२८१२८१२३।६१** |
| सानो भेरी फुटबल मैदान | **रिपुटेड इन्जिनियरिङ** | ६७९४३९० | **७९४३९०** | **११२४७९६४९** |
| किचकिचे खोला | **डि.सि.इन्जिनियरिङ** | ९९६६६० | ९९६६६० | २८१२८१२३ |
| | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>प्रमाण प्राप्त हुन सकेन । अतः खरिद कारवाही सम्बन्धि कागजात निर्धारित समयका लागि सुरक्षित र व्यवस्थित तवरले सिलसिलाबद्ध रुपमा राख्नु पर्दछ</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>मू.अ. कर समायोजन<br><br>मू.अ. कर नियमाबली २०५३को नियम १७-१ अनुसार मू.अ. करमा दर्ता भएका ब्यक्तिले बस्तु वा सेवा आपुर्ति गर्दा अनुसुची ५ बमोजिमको कर बिजक जारी गर्नुपर्ने व्यबस्था रहेको छ।साथै आन्तरिक राजश्व बिभागको मिति २०५५।३।३२ र २०६५।७।१० को परिपत्र अनुसार मू.अ. करमा दर्ता भएका कर दाताले हरेक बर्ष बिजकको क्रम संख्या१ बाट शुरु गर्नुपर्ने र कर बिजकमा हातले नम्बर राख्न नहुने र केरमेट गर्न नहुने ब्यबस्था छ भने नियमानुसार मू.अ. कर विवरण सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पेश गर्नुपर्दछ । निम्नानुसारका निर्माण ब्यबसायीहरु लाई भुक्तानि दिंदा मू.अ.कर बिजकमा हातले नम्बर राखेको ननफाईलर रहेको तथा फोटोकपी विजक पेश गरेको पाइएकोले सम्बन्धित व्यवसायिबाट मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु<br><br>
<table>
<tr><th>भौनं/मिति</th><th>निर्माण व्यवसायीहरु</th><th>जम्मा भुक्तानी</th><th>मू.अ कर वापत भुक्तानी</th><th>भ्याटनं</th><th>कैफियत</th></tr>
<tr><td>४३।०७८।११।२४</td><td>सोच नेपालकन्स्ट्रक्सनप्रा लि</td><td>२७४४८०</td><td>३१५७७</td><td>६०९८५५६२६</td><td>Non filer</td></tr>
<tr><td>२६।२०७९।३।२५</td><td>मध्यपहाडीजेसीहार्डवयर</td><td>३५५७२४</td><td>४०९२४</td><td>६११६११९५०</td><td>Non filer</td></tr>
<tr><td>३०।२०७९।३।२५</td><td>मामाभान्जाहार्डवयर एण्डसप्लार्यस</td><td>१३९४०५</td><td>१६०३६</td><td>६०६८७०५८०</td><td>Non filer</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>८८५३७</td><td></td><td></td></tr>
</table></td><td>८८,५३७</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>बहाल कर<br><br>आयकर ऐन २०५८ को दफा ८८ बमोजिम भुक्तानी गर्दा अग्रिम कर कट्टी गरी भुक्तानी हुनुपर्ने व्यवस्था छ । पालिकाले गो भौ नं ३२।मिति २०७९।३।२५ बाट वडा नं ९ अन्तर्गत सिम्ली बजार कुटी मंगराज सडक स्तरोन्तरी योजना निर्माण उपभोक्ता समितिलाई भुक्तानी गर्दा बालुवा</td><td>२२,५००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>ढुवानी वापत रकम रु २२५५०० भुक्तानी दिदा १० प्रतिशतले हुने वाहाल कर रु २२५०० कट्टी नगरेकोले सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा ३८ निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ३१३ जनालाई रोजगारी उपलव्ध गराई रु. खर्च गरेको छ । लक्षित वर्गलाई ५० दिनदेखि .१०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>बढी भुक्तानी<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गर्दा सम्झौता भन्दा घटी मूल्यमा कार्यसम्पन्न भएकोमा अनुपातिक रुपमा कट्टि गरी भुक्तानी गर्नुपर्नेमा निम्नानुसारका उपभोक्ता समितिलाई अनुपातिक कट्टि गर्दा बढी भुक्तानी भएको देखिएकोले सम्बन्धितबाट असुल हुनुपर्ने रु<br><br>
<table>
<tr><th>सिनं</th><th>उपभोक्ता समिति</th><th>गोभौनं /मिति</th><th>बढी भुक्तानी</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>रोल खोला लघु जलविद्युत उस</td><td>५१।०७८।१२।६</td><td>१२९४५</td><td>अनुपातिक कट्टी नभएको</td></tr>
<tr><td>२</td><td>वडा नं १ ०का सबै सडक हरुको स्तरोन्नती सरसफाई उस</td><td>८२।०७९।१।१६</td><td>७६९७</td><td>अनुपातिक कट्टी नभएको</td></tr>
<tr><td>३</td><td>सिम्ली खोला लघु जलविद्युत लाइन विस्तार उस</td><td>५९।०७९।१।४</td><td>११२९६</td><td>अनुपातिक कट्टी नभएको</td></tr>
</table></td><td>३४,२३८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>चाइन वगर पकैया बुकीचौर सडक स्तरोन्नती</td><td>३०।०७९।३।२५</td><td>२३००</td><td>अनुपातिक कट्टी नभएको</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३४२३८</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>उपभोक्ता समिति दर्ता<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न १८८ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु ९८५०४११७ भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>सामाजिक सुरक्षा कर कट्टी<br><br>आयकर ऐन २०५८ को दफा ८८ बमोजिम भुक्तानी गर्दा अग्रिम कर कट्टी गरी भुक्तानी हुनुपर्ने व्यवस्था छ । पालिकाले गो भौ नं ४८।२०७९।३।२५ बाट झोलुङ्गे पुलहरुको रकम भुक्तानी गर्दा रु २७५३ अग्रिम आय कर र रु १०९११ सामाजिक सुरक्षा कर कट्टी नगरेकोले कट्टी गरी असुल हुनुपर्ने रु</td><td>१३,२८७</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>अनुगमन तथा संपरीक्षण<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।<br>रु हजारमा
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)</th></tr>
<tr><td>६५५८७</td><td>२००</td><td>६५३८७</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४५</td><td></td><td></td><td>यस वर्ष फछ्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।
<table>
<tr><th>सि.नं.</th><th>आ.व.</th><th>वेरुजु दफा नं.</th><th>वेरुजुको संक्षिप्त व्यहोरा</th><th colspan="4">फछ्यौंटको आधार</th><th>सम्परीक्षण</th></tr>
<tr><th></th><th></th><th></th><th></th><th>असुली</th><th>प्रमाण</th><th>नियमित</th><th>पेश्की</th><th></th></tr>
<tr><td>१</td><td>२०७४।७५</td><td>३५</td><td>स्झौता भन्दा अगाडिका विल भर्पाइ संलग्न गरी भुक्तानी दीएको</td><td>२०००००</td><td></td><td></td><td></td><td>२०००००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>अद्यावधिक बेरुजु<br><br>यस पालिकाको २०७८।७७९ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ ।<br>रु हजारमा
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>संपरीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr>
<tr><td>६५५८७</td><td>२००</td><td>२४८०७</td><td></td><td>९०१९४</td></tr>
</table>
</td><td></td></tr>
</table>